gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक

वर्ष ८ अङ्क २६ पूर्णाङ्क ३६४ | आइतवार, चैत्र ०७, २०७२ | Mar. 20, 2016, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

आठ सय भेडा पालेका
युवाका छ कुरा - पृष्ठ ६ मा

म्याग्दीमा सञ्चालित होस्टेल

होस्टेल कि होटेल ?

■ सन्तोष गौतम/नवविकल्प

- जिल्लाका प्रतिष्ठित व्यक्तिहरुद्वारा नै अवैध होस्टेल सञ्चालन
- विद्यार्थीहरुको ढाड सक्ने गरी शुल्क निर्धारण
- दर्ता होटेल सञ्चालन होस्टेल
- अधिकांश होस्टेलले न्युनतम मापदण्ड पूरा गरेका छैनन्
- अव्यवस्थित र पूर्वाधारको कमी
- देशकै नमुना विद्यालयका विद्यार्थीहरु अवैध होस्टेलमा
- सरोकारवाला निकाय मुकदर्शक

एशियन होस्टेल
एशियन होस्टेल & EDUCATIONAL INSTITUTE
ASIAN HOSTEL
अंग्रेजी भाषा
कोरियन भाषा

पछिल्लो साता म्याग्दीमा ' होस्टेल' (छात्रावास) को विषयमा चर्चा चुलिएको छ । ट्युसन पढ्नका लागि बेनीको एक होस्टलमा भर्ना भएका विद्यार्थीको म्याग्दी नदीमा पौडी खेल्ने क्रममा डुवेर मृत्यु भएपछि होस्टेल बहशको विषय बनेको हो ।

ति विद्यार्थीको ज्यान जानुको जिम्मेवार स्वम उनि, होस्टेल प्रशासन वा अन्य कोही भन्ने विषयमा अध्ययन अनुसन्धान भैरहँदा अर्कोतर्फ बेनीमा सञ्चालित होस्टेलको सुरक्षा, कानुनी बैधानीकता, ब्यवस्थापन, गुणस्तरीयताको प्रश्न पनि दरीलो रूपमा उठेको छ । शिक्षामार्गमा रहेको एशियन होस्टेलमा बसेर पढ्ने पुलाचौरको जनकल्याण माविबाट एसएलसी परिक्षामा सहभागीता जनाउँदै गरेका अनील पाईजाको मृत्युसंगै बेनीका होस्टेलहरूको वास्तवीकता खुलासा भएको छ ।

जिल्ला शिक्षा कार्यालयको अभिलेखमा म्याग्दीमा निजी विद्यालय र स्रोत कक्षा बाहेक अरू कसैले पनि होस्टेल सञ्चालनका लागि अनुमती नलिएको उल्लेख छ । होस्टेल त टाढैको कुरा ट्युसन तथा कोचीङ कक्षा सञ्चालन गर्न पनि कसैले शिक्षा कार्यालयबाट अनुमती लिएका छैनन् । जिल्ला शिक्षा अधिकारी रामप्रसाद अधिकारीले होस्टेल सञ्चालन गर्न कार्यालयबाट अनुमती लिनुपर्ने नीतिगत ब्यवस्था भएपनि जिल्लामा कसैले अनुमती माग्न नआएको जानकारी दिए ।

शिक्षा मन्त्रालयले तयार पारेको विद्यालय छात्रावास ब्यवस्थापन निर्देशीका २०७१ मा विद्यालयको छात्रावास सञ्चालन सम्बन्धि कार्यबिधी छ । जसमा संस्थागत, सामुदायीक र सेवामुलक संघ संस्थाले जिल्ला शिक्षा कार्यालयको अनुमती लिएर छात्रावास सञ्चालन गर्न पाउने ब्यवस्था छ । निर्देशीकामा उल्लेख भएअनुसार नयाँ शैक्षिक सत्र सुरू हुनु तिन महिना अघि छात्रावास सञ्चालन गर्न निवेदन दिनुपर्ने र जिल्ला स्तरीय समितिले अनुगमन गरि मापदण्ड पुरा भएको अवस्थामा सञ्चालन गर्न अनुमती दिन सक्नेछ ।

निजी र सामुदायीक विद्यालयको छात्रावास सञ्चालन सम्बन्धमा स्पष्ट ब्यवस्था भएपनि ब्यवसायिक होस्टेलको विषयमा निर्देशीका अस्पष्ट छ । तर जिशिअ अधिकारी ब्यवसायिक होस्टेलहरूका सम्बन्धमा सेवामुलक छात्रावास सम्बन्धि ब्यवस्था आकर्षित हुने भएकाले राज्यको कानुनबाट कोही उम्कन नपाउने बताउँछन् । 'सञ्चालकले हामीकहाँ निवेदन दिएपछि मापदण्ड पुगे, नपुगेको अनुगमन गरि छात्रावास चलाउन स्वीकृत दिन सकिन्छ' जिशिअ अधिकारीले भने 'तर

बाँकी पृष्ठ ७ मा

खै ग्यास ?

■ नवविकल्प

फाइल तस्वीर : नवविकल्प

- ग्यासको कालोबजारी हुँदा पनि सम्बन्धित निकाय मुकदर्शक
- बजारका केही विक्रेताले कालोबजारी गरे
- रातको समयमा प्रतिशिलिण्डर दुईहजार रुपियाँसम्ममा बिक्री वितरण
- जथाभावि विक्रेता थप्ने परिपाटीले समस्या
- मापदण्ड पुरा नगरेका अवैध ग्यास बिक्रेता

भारतीय नाकाबन्दी पछि बजारमा खाना पकाउने ग्यास पुग्दो हिसावले आएपनि सर्वसाधारणहरूले सहज रूपमा पाउन सकेका छैनन् । नाकाबन्दी खुलेर सहज भएपनि बजारमा अझै ग्यास सहज हुन सकेको छैन । पहुँच नभएका सर्वसाधारणहरूको चुलो बल्न धौंधौ परेको छ । असहजको सुरूवाती चरणमा ग्यास काड प्रणाली अपनाउँदा सहज रूपमा ग्यास पाएका उपभोक्ताहरू पछिल्लो समय भने सहज हुँदा झनै ग्यास पाउन मुस्किल भएको उपभोक्ताहरूको गुनासो छ ।

म्याग्दीमा ग्यास विक्री गर्न गृह लक्ष्मी र शक्ति ग्यासका करिव ७० भन्दा बढी विक्रेताहरू छन् । नाकाबन्दी खुलेको महिना दिन वित्दा पनि

बाँकी पृष्ठ ७ मा

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्री बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी — फोन: ०६९-५२०७६०
न्युरोड, पोखरा (भाटभटेनी सँगै) — फोन: ०६१-५२७४२०

Reid & Taylor | FINE SUITINGS FROM DIGJAM it's who you are | Ashvira | OCM | Bently Business class | The Complete Man Raymond

सूचना

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरुलेनै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरु चालु राखी सर्वसाधारणहरुलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

बोली

प्रकाश पौडेल

महिनामा हजारौं शुल्क असुल्ने अनी नुहाउन कपडा धुन खोलमा पठाउँने अक्षरको ब्यापारको लागि खोलीएको होस्टेलले एक जना बिद्यार्थीको भबिष्य समाप्त पारेको छ । शिक्षाको नाममा गरिएका अबैधानीक धन्दालाई पटक पटक प्रशासनमा अनुरोध गर्दा पनी बेवास्ता गर्दा यस्ता प्रकारका घटना घटदो रहेछ । म्याग्दीका अधिकांस होस्टेल अबैधानीक छन तिनिहरूलाई तत्काल बन्द गरियोस् ।

हरिकृष्ण गौतम

बेनीबजार संरक्षणका लागि बनाइएको तटबन्धबाट नहिड्नुहोला । बजारमा सफा भाषण गर्ने, सुकिला लुगा लगाउनेहरुको घरबाट फालिएको फोहोरले दुर्घन्धित बनेको छ । गर्मी मौसम सुरु भएकाले विभिन्न किसिमका रोगको संक्रमण हुनसक्छ ।

कृष्णवहादुर बानियाँ

अभावसँग जोडीएका कुनै बस्तुहरू बजार काटेर गाउँ जाने भएनन, आजपनि ८०० सिलिन्डर बजारमानै भ्वाम परे, सिडिओ भन्छन मैले हस्तक्षप गरेको छैन केवल हल्का अनुगमन हो , साहुहरू भन्नुहुन्छ सिडिओ सापले बाटोमै बाडेर सक्नुपर्छ भन्नु भाको छ। सिडिओ साप पनि बजारकै लागि रहेछ, पुलिस, नेता, मानबअधिकारकर्मी, समाजसेबी संचारकार्मी सबै बजारकै लागि रहेछ ।

सफल केसी विराज

केही दिन पहिले बेनिमा बिद्यार्थी नेताहरूले दर्ता नभई संचालित होटेल हरू बन्दको माग गरे राम्रै भो तर बिना मापदण्ड र दर्ता नगरी संचालित बोर्डिङ को बरेमा कुरा उठाउनु भयको खोइ त

लोकेन्द्रबहादुर खड्का

छोरो होस्टेल छ ढुक्क नहुनुहोस गेटपास र संरक्षक बिना बाहिर जान दिने धेरै अबैध होस्टेल बेनीमा छन् यिनिहरू न सरकारलाई कर तिर्छन न दर्ता भएका छन् शैक्षिक माफियाको जालो ठुलो छ ।

नन्दु पाइजा

म्याग्दीमा सञ्चालित होस्तेल हरूको अनुगमन हुन जरूरी छ र मापदण्ड पूरा भयकाहरू लाई मात्र इजाजत दियर सञ्चालन मा ल्याउन जिल्ला प्रशासन कार्यालय लगायत शिक्षा कार्यालय लाई हार्दिक अनुरोध गर्दछु ।

दिनेश कुटुवाल

हामीले हाम्रा नानी बाबुहरू को भबिष्य उज्ज्वल होस् भन्ने आशाले होस्टेल बोडस राख्ने गरिन्छ । हामी ढुक्क हुन्छौं कि हाम्रा सन्तान पढेर दक्ष भइ भबिष्यमा केही गर्छन भनेर । तर यहाँ शिक्षाको ब्यापार हुँदै छ कहिले होस्टेलमा खुकुरी हानाहान हुन्छ त कहिले अनैतिक काम गरेको सुन्नमा आउँछ र आज फेरि १ होस्टेल बस्ने म्यादी खोलामा डुबेर ज्यान गएको छ । बाबुआमालाई के जवाफ दिन्छ त्यो होस्टेलले ?

दिपक कार्की

बेनीमा एकहजार ७६ ग्यास सिलिण्डर झरे र धेरै डीपोको थोरै बाँडिए र धेरै गोदाम तिरै थन्किए केहि ठाउँमा म आफुपनि संग्लग्न भएर जबरजस्त बाँड्न पनि लगाईयो र प्रशासनमै पुगेर पनि भनियो, तर काम्दै सिडिओले भने म कारवाही गर्छु, कारबाही त भएका सिलिण्डर बाँडिदिए पुगिहाल्छ । मलाई थाहा छ प्रशासन लाचार छ ।



STUDY IN JAPAN
Special Offers
FREE LANGUAGE
FREE VISA PROCESSING
FREE JOB PLACEMENT
NO VISA NO PAY
Japanese Language Courses
NAT/JLPT/J-TEST Preparation
Documentation
VISA Processing
IN ASSOCIATION WITH
SETO ACADEMY
BEC BENI EDUCATION CONSULTANCY
Hulak Chowk, Beni, Myagdi ☎ +977-69-520678
www.beniedu.com.np info@beniedu.com.np

पलपलका ताजा समाचारका लागि क्लिक गर्नुहोस्
www.benionline.com.np
धौलागिरिको पहिलो वेभ

फोटो कथा

सन्तोष गौतम



निरक्षर नागरिक : म्याग्दीको ताकम गाविस २ धारापानीकी निरक्षर महिला गाविस कार्यालयले वितरण गर्ने सामाजीक सुरक्षा भत्ता लिनका लागि औठाछाप (ल्याप्चे) लगाएर भरपाई गर्दै । गाउँमा अझै पनि निरक्षरहरु छन् । साक्षर बनाउने भन्दै वर्षेनी आउने बजेट बालुवामा पानी जस्तै भएको छ ।



मतदाता अभियान : जिल्लाको चिमखोलामा फोटो सहितको मतदाता नामावली टोली सँग फोटो खिचाउँदै स्थानीय । निर्वाचनले कार्यालयले यतिखेर मतदाता संकलन अभियान सञ्चालन गरेको छ ।



रोग निको हुने आशा : जिल्लाको सिंगा तातोपानी कुण्डमा रोग निको हुने आशामा तातोपानी कुण्डमा नुहाउनेहरुको संख्यामा वृद्धि भएको छ ।

राहुघाटको डिपिआर अड्कियो

■ नवविकल्प

भारतीय निर्माण ब्यावसायीले अधकल्चो बनाएर छोडेको म्याग्दीमा निर्माण हुन लागेको राहुघाट जलविद्युत आयोजना अन्यौलमा परेको छ ।

नेपाल विद्युत् प्राधिकरणले भारतीय कम्पनी आइभिआरसिएलसँग भएको ठेक्का सम्झौता तोडेर क्षमत्ता विस्तार गरि निर्माण कार्य अघि बढाउन तिन महिनाअघि सुरू गरेको प्रक्रिया अझै पुरा भएको छैन् ।

राहुघाटको पुन नक्साङ्कन गरेर तयार पारिएको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर)को विषयमा प्राधिकरणको सञ्चालक समितिले निर्णय गर्न नसक्दा अन्यौलता उत्पन्न भएको म्याग्दीबाट निर्वाचित सांसद नवराज शर्माले बताए ।

ब्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिका सदस्य समेत रहेका सांसद शर्माका अनुसार हाल ३२ मेघावाट क्षमत्ताको आयोजना(लाई ४० मेघावाट बनाउने प्रस्ताव सहितको डिपीआर तयार गरेर तिन महिना अघि सञ्चालक समितिमा पेश भएको थियो ।

आयोजनामा म्याग्दीबासीलाई लगानीको अवसर दिन कम्पनीमा लैजाने र ईन्जिनियरिङ, प्रबन्ध तथा निर्माण (इपिसी) मोडलमा आयोजना निर्माण गर्ने प्रस्ताव भएको थियो । सञ्चालक समितिले तिन महिनासम्म डिपीआर स्वीकृत पनी नगर्ने र विकल्प पनि नदिनुले शंका उत्पन्न गराएको सांसद शर्माले बताए ।

डिपीआरको विषयमा निर्णय नहुँदा बोलपत्र आव्हान गरि ठेकेदार छनौट प्रक्रिया सुरू गर्न ढिलाई भएको आयोजनाको बेनी स्थित कार्यालयका कर्मचारीहरूले बताएका छन् । पुन-नक्साङकन र डिपीआरको बारेमा उपल्लो तहमा निर्णय नहुँदासम्म आयोजनाको काम अघि बढाउन नमिल्ने साईट ईञ्चार्ज ईश्वरसिंह बोहोराले बताए ।

आयोजनाको सिभिल ठेकेदार आइभिआरसिएल कम्पनीको कमजोर आर्थिक अवस्थाका कारण समयमै काम गर्न नसकेपछि ठेक्का तोडेपछि अर्को ठेक्का प्रक्रिया सुरू गर्न दोस्रो पटक नक्साङ्कन गरि डिपीआर तयार पारिएको हो ।

म्याग्दीको भिँ र दग्नाम गाविसको सिमानामा बाँध रहने आयोजनाको पिप्ले तिल्केनीचौरमा विघुतगृह निर्माणका लागि पुरानो ठेकेदारले सामान्य काम सुरू गरेर छाडेको थियो । यसैवर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य सहित वि.स २०६६ सालदेखि निर्माण प्रक्रिया सुरू भएको राहुघाट आयोजनाको हालसम्मको भौतिक तथा वित्तिय प्रगति एघार प्रतिशत मात्र भएको छ ।

सिचाई आयोजना निर्माणमा ढिलाइ

■ नवविकल्प

म्याग्दीको बाबियाचौर ८ मा दुई वर्षअघि सुरू भएको रणवाङ सिचाई आयोजना निर्माण सम्पन्न हुनुपर्ने समयमा आधा पनि काम पनि काम हुन सकेको छैन् । ठेकेदारको ढिलासुस्ती र लापरबाहीका कारण आयोजना सकिनुपर्ने समयमा तिन प्रतिशत मात्र काम भएको हो ।

२०७२ असार ३० गते सम्पन्न गर्ने लक्ष्य सहित २०७१ बैशाख १६ गते सिचाई आयोजना निर्माणको काम सुरू भएको थियो । उक्त आयोजनाको हालसम्मको भौतिक तथा आर्थिक प्रगति करिब तिस प्रतिशत मात्र भएको सिचाई विकास सब डिजिभन कार्यालय म्याग्दीका प्रमुख ईञ्जिनियर रमेशराज शर्माले जानकारी दिए ।

चितवनको ईको विल्डर्सले ८८ लाख २५ हजार २८८ रूपैयामा आयोजना निर्माण गर्ने ठेक्का लिएको थियो । सम्झौता गरेको कम्प(नीले दोस्रो ब्यक्तिलाई जिम्मा लगाएको र ढिलासुस्ती भएका कारण आयोजना समयमै सम्पन्न हुन नसकेको ईञ्जिनियर शर्माले बताए । २०७२ असारमा पौष मसान्तसम्म सम्पन्न गर्ने गरि सम्झौताको म्याद थपिएपनि पुरा नभएपछि आगामी असारसम्मका लागि पुन म्याद थपिएको छ ।

अनुगमन र ठेकेदारलाई ताकेता गरेर आगामी असार सम्म आयोजना सम्पन्न गर्न पहल भैरहेको ईञ्जिनियर शर्माले बताए । उक्त आयोजना सम्पन्न भएमा बाबियाचौरको रणवाङ क्षेत्रको ५५ हेक्टर जमिनमा सिचाई सुबिधा पुग्ने जनाइएको छ । आयोजना अन्तरगत एक हजार तिन सय मिटर पक्कि नहर लगायतका संरचना बनाउने लक्ष्य रहेको छ ।

यसैगरी गत वर्ष ठेकेदारसंग सम्झौता भएको बेनी नगरपालीको रत्नेचौर स्थित तेईससाले सिचाई आयोजनाको काम भने तिब्र गतिमा अघि बढेको छ । जयलक्ष्मी भगवती मालीका भेभीले जिम्मा लिएको उक्त आयोजना अन्तरगत करिब एक किलोमिटर नहर पुननिर्माण, मुहान संरक्षणका लागि पुर्वाधार तयार पार्ने काम भैरहेको छ । आगामी असार महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना ६२ लाख ८३ हजार ५६६ रूपैयामा सम्झौता भएको हो । तेईससाले सिचाई आयोजना सम्पन्न भएपछि साविकको रत्नेचौर गाविसको १, ५ र ६ नम्बर वडाको २५ हेक्टर जमिन सिंचीत हुने ईञ्जिनियर शर्माले बताए ।

गैरकाष्ठ वन पैदावार उद्योग स्थापना

■ नवविकल्प

म्याग्दीको बेनी बजारमा समुदायमा आधारित गैरकाष्ठ वन पैदावार उत्पादन तथा प्रसोधन उद्योग स्थापना भएको छ ।

जिल्लामा उत्पादन हुने गैरकाष्ठ वन पैदावारको सहज बजारीकरण तथा स्थानीय स्तरमा आवश्यक सामाग्री उपलब्ध गराउने उद्देश्यले उद्योग स्थापना भएको हो । ६ जना उद्यमीहरूको १५ लाख रूपैया लगानीमा स्थापित उद्योगले यसैहप्तादेखि उत्पादन सुरू गरेको उद्योगका सचिव हरिप्रसाद पौडेलले जानकारी दिए ।

उहाँका अनुसार उद्योगले पहिलो चरणमा नेपाली कागजबाट डायरी, सपीङ ब्याग, प्रिन्ट कागज र खामको उत्पादन सुरू गरेको छ । लुलाङ र रूमको अदीभारमा उत्पादन भएको कागज ल्याएर सामाग्री तयार पार्न थालीएको हो । उद्योगमा दुई जनाले नियमित रोजगारी पाएका छन् ।

छिट्टैनै एक पटक प्रयोग भएर खेर जाने कागजलाई प्रसोधन गरेर पुन प्रयोगमा ल्याउन सकिने गरि कागज उत्पादन गर्ने तयारी भएको छ । जसले गर्दा बजारमा कागजजन्य फोहोर ब्यवस्थापनमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

नेपाली कागजको सामान राख्ने झोला निर्माण भएपछि पलास्टीकको झोला विस्थापित गराई बजारमा फोहोर ब्यवस्थापन गर्न सहज हुने जनाइएको स्थानीय ब्यवसायीहरूले बताएका छन् । उद्योगको क्षमत्ता विस्तारसंगै अन्य नयाँ सामाग्रीहरूको पनि उत्पादन गर्ने लक्ष्य राखिएको सचिव पौडेलले जानकारी दिए ।

बेनीमा उक्त उद्योग स्थापना भएपछि ग्रामिण क्षेत्रमा उत्पादीत नेपाली कागज उद्योगले सहज रूपमा बजार पाउन थालेको छ । रूम र लुलाङमा दुई वर्षदेखि बजारमा पुराउन नसक्दा बिक्री नभएर थन्कीएर बसेको नेपाली कागज बिक्री भएको छ ।

अल्लो कपडा उद्योग संकटमा

■ नवविकल्प

म्याग्दीको चिमखोलामा महिलाहरूले सञ्चालन गरेको अल्लो कपडा उद्योग संकटमा परेको छ । काम गर्ने दक्ष जनशक्तिको अभाव भएपछि उद्योग बन्द हुने अवस्थामा पुगेको हो ।

वि.स २०६५ मा स्थापना भएको शान्ति अल्लो कपडा तथा बुनाई उद्योग नियमित सञ्चालन हुन सकेको छैन् । अल्लो प्रशोधन र बुनाई सम्बन्धि तालीम सञ्चालन भएको अवस्थामा मात्रै उद्योग चल्ने गरेको छ । उद्योगमा काम गर्ने जनशक्ति अभाव हुँदा नियमित सञ्चालन गर्न नसकेको उद्योगकी अध्यक्ष दुतकुमारी पुनले बताइन ।

सामुहिक रूपमा सञ्चालित उद्योगमा सुरूमा १२ जना महिलाहरूले अल्लो प्रसोधन र कपडा बुनाईको काम गरेका थिए । त्यसबेला तालीम लिएर दक्ष भएका मध्य अहिले तिन जनामात्रै छन् । बसाईसराईका कारण तालीम लिएका उद्यमीहरू सहरी क्षेत्रमा पलायन भएपछि उद्योग सञ्चालन गर्न कठिनाई भएको अध्यक्ष पुनले बताइन ।

उद्योगमा स्थानीय जंगलमा पाईने अल्लो पुवा संकलन र प्रसोधन गरि धागो बनाई सोही धागोबाट कपडा बुन्ने गरिन्छ । अल्लोको कपडाको माग धेरै आएपनि जनशक्ति नहुँदा वर्षमा ५०र६० हजार रूपैयाँ बराबरको मात्रै उत्पादन हुने गरेको छ ।

उद्योग सञ्चालन गर्न लघुउद्यम विकास कार्यक्रमको सहयोगमा साझा सुबिधा केन्द्र भवन पनि निर्माण भएको छ । संगम, लघुउद्यमी समूह संघ, घरेलु तथा साना उद्योग विकास समिति, गाविस, जिविस लगायतका नियकाले अल्लो प्रसोधन र धागो बुन्ने उपकरणहरू सहयोग गरेका थिए ।

लाखौं लगानी गरेर तयार भएको भवन र उपकरणहरू प्रयोग गर्ने जनशक्ति नभएर उपयोगविहीन भएका छन् । उद्योगलाई आवश्यक जनशक्ति तयार पार्न गाउँका नयाँ युवतीहरूलाई सिकाउन थालीएको अध्यक्ष पुनले बताइन । ११ जना नयाँ युवतीहरूलाई अल्लो प्रसोधन र धागो बुन्ने तालीम दिन सुरू गरिएको छ ।

चिमखोलाको मण्डली ओझेलमा

■ नवविकल्प

धार्मीक तथा पर्यटकीय हिसावले प्रशस्त सम्भावना बोकेको म्याग्दीको चिमखोला स्थित मण्डली मन्दिर ओझेलमा परेको छ ।

पुर्वाधार, संरक्षण र प्रचारप्रसारको अभावमा प्रशस्त भक्तजन तथा पर्यटक भित्र्याउन सक्ने सम्भावना बोकेको मण्डली मन्दिर ओझेलमा परेको हो । चिमखोला ५ मा अवस्थित मण्डली मन्दिर भक्तजन र पर्यटकको पर्खाईमा छ ।

पुर्वाधार र प्रचारप्रसारको कमीका कारण मण्डली मन्दिर ओझेलमा परेको चिमखोला स्थित अमर माविका प्रअ पृथबहादुर थापाले बताउनुभयो । चिमखोला गाउँनजिकै भएरपनि मन्दिरसम्म पुग्ने ब्यवस्थित पदमार्गको सुबिधा छैन् । मगर समुदायको बाक्लो बस्ती रहेको चिमखोला गाउँको सिरानमा अवस्थित मन्दिरको नियमित संरक्षण, सरसफाई र रेखदेखको कमी छ ।

हरेक वर्षको मंसिर पूर्णीमा र चैत पूर्णीमापक्षको मंगलबार मनाईने भुमिपुजाका अवसरमा बिशेष पुजाआजा हुन्छ । सो स्थानमा पुजाआजा र भाकल गरेमा मनोकांक्षा पुरा हुने जनविश्वास रहेको छ । मण्डलीमा मागेको बर पुरा भएमा भेडी र परेवाले बली चढाउने चलन रहेको स्थानीय बासीन्दा लालबहादुर पुनले बताए ।

मण्डलीको बिशेषताको बारेमा प्रचारप्रसार नहुनु र पुर्वाधार तथा सुबिधाको कमीले पर्याप्त भक्तजन आउन नसकेको उनको भनाई छ । मण्डलीको दर्शन र पुजाआजा गर्न आउने भक्तजनले सडकमा भरपर्दो यातायात सुबिधा नहुँदा पैदल हिड्नुपर्ने र ब्यवस्थित होटल तथा लजको अभावमा गासबासको समस्या भोग्ने गरेका छन् ।

स्थानीयबासीले निर्माण गरेको मन्दिर भित्र मण्डलीको मुर्ती राखिएको छ । मन्दिर परिसरमा हालै नेपाली सेनाको ईन्द्रबक्स गण र स्थानीय बासीन्दाले प्रतिक्षालय र शौचालय निर्माण गरेका छन् । मण्डलीको संरक्षण, ब्यवस्थापन, पुर्वाधार विकास र प्रचारप्रसारका लागि संरक्षण तथा ब्यवस्थापन समिति गठन गरेर पहल गर्ने तयारी भएको स्थानीय अगुवा ध्रुब पाईजाले बताए ।

राखुमा पानी ल्याउन सहमति

■ नवविकल्प

म्याग्दीको राखु पिप्ले र भगवती गाविसमा चिमखोला गाविसको मुहानबाट खानेपानी ल्याउन तिस वर्षदेखि गरिएको प्रयास सफल भएको छ । भगवती, पिप्ले र चिमखोलाका बासिन्दाहरूबीच पानीको उपभोग सम्बन्धि बिवादले आयोजना अघि बढ्न सकेको थिएन् ।

तिन वटा गाविसका सचिव र अगुवाहरूबीच गत हप्ता चिमखोलामा भएको वार्तामा सहमति जुटेपछि चिमखोलाबाट राखुमा खानेपानी ल्याउने तिस वर्षदेखिको प्रयास सफल भएको पिप्ले गाविसका सचिव चित्रनाथ शर्माले जानकारी दिए । सचिव शर्माका अनुसार तिन वटै गाविसका अगुवाहरूले एक अर्को गाउँको विकासमा सहयोग गर्ने सहमती जनाएपछि खानेपानी आयोजनालाई अघि बढाउने बाटो खुलेको छ ।

पिप्ले र भगवती गाविसले सडक, भवन लगायत पुर्वाधारका योजना निर्माण र बजेट बिनियोजनका क्रममा चिमखोलालाई प्राथमिकता दिने र चिमखोला गाविसले राखुबासीलाई आफ्नो क्षेत्रमा पर्ने मुहानको पानी ल्याउन दिने सहमती भएको सचिव शर्माले बताए ।

यसैगरी भगवती र पिप्ले गाविसले चिमखोलामा उच्च मावि सञ्चालनका लागि आर्थिक सहयोग गर्ने पनि सहमती जनाएका छन् ।

चिमखोलामा पनि तिन वटा स्कीममा खानेपानी आयोजना निर्माण हुने भएको छ । सहमती जुटेपछि भगवती र पिप्लेका लागि बृहत खानेपानी आयोजना अघि बढ्ने खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयका प्रमुख ईञ्जिनियर शेखरचन्द्र केसीले बताए । उनका अनुसार चिमखोला गाविसमा पर्ने खानीखोलाको मुहानबाट भगवती र पिप्लेमा पानी ल्याउने बृहत योजना यसै आर्थिक वर्षदेखि सुरू हुनु भएको छ ।

यस वर्ष दश लाख रूपैया बजेट बिनियोजन भएको छ । सो बजेटबाट सर्वेक्षण र पुर्वाधार निर्माणको काम गरिने ईञ्जिनियर केसीले बताए । उक्त आयोजनाबाट सहरीकरण उन्मुख पिप्ले र भगवतीका एक हजार भन्दा बढी घरधुरी लाभान्वित हुने जनाइएको छ ।

हाल भगवती र पिप्लेमा पानीको स्रोत नहुँदा खानेपानीको चरम अभावको समस्या रहेको छ । यसैगरी चिमखोलामा पनि तिन वटा स्कीममा खानेपानी आयोजना निर्माण गरिने भएको छ । चिमखोलाको आयोजनाको पनि सर्वेक्षण यसैवर्ष गर्ने योजना रहेको छ ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

बालविवाह अन्त्य गरौं

clzIff / r]gfsf]sldsf sf/0f DofUbldf afnljjfx ug{]sf]; ¥ofdf j[4 ePsf]5 . cfhsf]pGgt ;dfhdf klg afnljjfxsf]ljs/fn cj:yf xg'kSs}klg /fd[] ;+s]t xf]0g . hghflt ;dbfosf] jfxNotf ePsf] DofUbldf afnljjfxsf]8/nfUbf]cj:yf 5 . ;dfhhlt ljsl;t xF uof]Tolt afnljjfxsf]cj:yfdf klg j[4 xF}hfgh];j}fO{nlHht agfPsf]5 . lhNnfsf]bu{d eljx?df clzIff / r]gfsf]sldn]afnljjfx dfh}fPsf] 5 eg];ldd 5f8f ;+s[tn]k|;o kfpF o:tf];d:of cfPsf]xf]. afnljjfx ;dfhsf]ljsf; sf]afwfs kIf xf]. ;fg}pd/df ljjfx ug{;+sf/n]o'jflk9Lsf]Ifdtf ljsf;df afwf pTkGg ePsf]5 . afnljjfxsf sf/0f dlxnf dfly xg]3/]h'lx+;fdf klg j[4 ePsf]5 .

afnljjfx j9'gdf cleefjsdf r]gf, lzIffsf] sdL, ul/aL / k/Dk/fut unt ;+sf/ kd'v sf/0f xg . hghflt ;dbfodf dfdfsf]5f/L / kmk'sf]5f/faLr lajfx ug{k|rng 5 . ;fdflhs ;+sf/ / dfGotfx? klg afnljjfx j9g'sf kd'v sf/0f xg . afnljjfxsf sf/0f eljiodf kg{;Sg] ;d:ofsf] jf/df 1fgsf] cefj xg'klg csf{sf/0f xg;S5 . kl/jf/sf]sdhf/ cfly{ cj:yf / ul/aLsf sf/0fn]klg afnlajfx xg] u/}sf]5 . ljkGg aus{f cleefjs 5f/f5f/LnfO{k9fpg' eGbf lajfx ul/lbF lhDd]jf/L k'/f ePsf]7fGg]k|rng klg dVo ;d:osf ?kdf cfPsf]5 . lhNNfsf]bu{d ;dfh h:t};ud ;dfh klg o;af6 c5'tf]5g\. ufpF/df afWotfn]afnlajfx xG5 eg] ;x/L Ifq{df ;'rgf k|alwsf]b'?kof{u, cleefjssf]a]f:tf / unt ;ut sf sf/0f /x/n] ;fgd{f ljjfx ug{kl/kf6Lsf] ljsf; ePsf]b]vG5 . dfjfO{n, O{6/gf6, ;fdflhs ;~hfnsf];xofu{n]kd{l ;DaGw :yfkLt u/] zf/Ll/s ;Dk{s xb}lajfx ug'{ufj}a'jfcfdf aGg] cj:yfdf afWotfTds kl/l:yltn] ;fgd{f lajfx ug{ljsf[tL ;fdflhs ;d:ofs}?kdf b]vPsf]5 .

a9bf]afnljjfx /f$gsf nflu eGb};/sf/L Pjd\ u};/sf/L ;+yfx?n]ljleGg ;dodf sfoqm{dx? ug{ePklg kefjsf/L 5g\. bu{deudf To:tf sfoqm{d kUg} ;s}sf 5g\g\ eg] ;uddf ;~rfng ePsf sfoqm{dx? klg kefjsf/L b]vbg\g\. ufpF/df s}xL ;3+;:yfx?n]afnljjfx lj?4sf r]gfdhs sfoqm{d ug{kbf; u/}sf 5g\. t/ Tof]klg kefjsf/L xg ;s}sf]5g\. ufpF/df ug{sfoqm{d cfly{s ;d:ofdf 5g\eg]lhNnftxdf ul/g] sfoqm{dx? pknAwlxg 5g\. afnljjfx GoGls/0fsf ;DaGwdf ;/f}sf/ /fVg] lgsfox?n];b/d'sfddful/Psf sfoqm{dx? kefjlxg 5g\. ;dfhdf /x}sf]afnljjfxnfO{GoGls/0f ug{sf nflu ;DalGwt lgsfosf cfFf vhf]; ;fy}o;nfO{ cGTo ug{;j};r] gful/s sf]klg eldsf plQg} xG5 . To;}n];j}sf];fdlxs kbf;af6 g}afnljjfx dQm ;dfh lgdf0f ug{;lsG5 . cfhf}af6 cf–cfkmgf] Ifqaf6 r]gf hufpg nfuf}+.

l6Kk0fL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

पुराण र पौराणिककालसँग ‘गलेश्वर’को साइनो

चन्द्रप्रकाश बानियाँ

‘सूर्यदेवले पृथ्वीको परिक्रमा गर्छन्’ भन्ने मान्यतामा विश्वास गर्ने जमाना पनि थियो । ‘पृथ्वी नाङ्लोजस्तो च्याप्टो छ’ भनेर समेत मानिसले धारणा बनाएको थियो । कालान्तरमा मानव ज्ञान र चेतनाले त्यस्ता मान्यताहरूलाई गलत ठहराई दियो । प्रमाणिक वैज्ञानिक तथ्यसँग काल्पनिक मान्यताहरू पराजित भए । सूर्यले पृथ्वीलाई होइन, पृथ्वीले सूर्यको परिक्रममा गर्ने तथ्य प्रमाणित भयो । सौर्यमण्डलका अन्य ग्रह पिण्डहरूजस्तै पृथ्वी पनि गोलो छ, च्याप्टो होइन भनेर मान्न कर लाग्यो । धर्मशास्त्रद्वारा स्थापित मान्यताहरू खण्डित भए । वैज्ञानिक तथ्यसँग धर्मग्रन्थका मान्यताहरू पराजित भएर गलत प्रमाणित भए पनि “सत्यको जित हुन्छ” भन्ने मान्यता भने झन बलियो भयो । त्यसैले भन्नै पर्छ कि सत्य सबभन्दा बलवान हुन्छ । सत्यका अगाडि धार्मिक मान्यता र परम्पराहरू पनि पराजित हुन्छन् । सतखोजको त्यो सिलसिला निरन्तर जारी छ ।

यसपटक “गलेश्वर” को पौराणिकताको सम्बन्धमा अलिकता चर्चा गर्न मन लाग्यो । कोही कसैको धार्मिक आस्था र विश्वासमा आघात पुऱ्याउने उद्देश्ले होइन, सत्य उत्खननको सतप्रयाशस्वरूप कलम चलाउने धृष्टता गरिएको हो । सत्य सधैं सत्य नै रहन्छ । अज्ञानता र आग्रहबस केही समय सत्यलाई ओझेलमा पारेर भ्रम सिर्जना गर्न सफल भए पनि ढिलोचाँडो सत्य अनावृत्त भएरै छोड्छ । झुठको आधारमा चुलिएको महिमा मण्डन चीरस्थायी हुँदैन । गलेश्वर शिवभक्तहरूको आस्थाको केन्द्रको रूपमा विकसित हुदै गैरहेको छ । त्यो राम्रो कुरा हो । यसले स्थानीय अर्थतन्त्रको स्वास्थ्यमा अनुकूल प्रभाव पार्ने छ भन्ने कुरामा कुनै सन्देह छैन । तर यतिबेला गलेश्वर स्थापनाको सन्दर्भमा जेजस्तो प्रचार गरिदै छ त्यसमा भने सत्यता छैन ।

शालग्राम शिलालाई हिन्दू धर्मग्रन्थहरूमा नारायणको प्रतिविम्वको रूपमा मानिएको छ । गलेश्वरको विशाल शिलाखण्डमा यत्रतत्र शालग्रामहरू जडिएको देखिन्छ । त्यही आधारमा गलेश्वर नारायणधाम हुनुपर्छ भन्ने तर्क स्वघोषित मुक्तिधाम पिठाधीस श्री कमलनयनाचर्यजीले गर्दै आएका छन् र उनकै पहलमा नारायण मन्दिर पनि बनाइएको छ । पौराणिक कथनका आधारमा उनको भनाईसंग असहमत हुन नसिकए पनि गलेश्वरलाई शिवधाम मान्न मिल्दैन भनेर ठोकुवा गर्न भने सकिदैन । मुश्लिम धर्मालम्बीहरूको पवित्र तीर्थस्थल मक्का मदिनामा “शिवलिङ्ग” स्थापित छ । राम जन्मभूमि अयोध्यामा ऐतिहासिक “बाबारी मस्जिद” थियो । धर्मान्ध धर्मभिरू हिन्दूहरूले मस्जिद भत्कादिए पनि त्यो ठाउँमा नयाँ राममन्दिर बनाउने कि बाबरी मस्जिदको पुनर्निमाण गर्ने भन्ने विवाद जारी छ । धर्म मानिसको आस्था हो । आस्थासँग स्थानविशेषको कुनै साइनो सम्बन्ध रहँदैन । काठमाडौंको नेवार समुदायमा चर्पीमा पनि एउटा देवता स्थापना गर्ने चलन छ । नेपालका कैयौं मठ मन्दिरहरू हिन्दु र बुद्धधर्मका साझा गन्तब्यस्थल मानिनुको कारण त्यही हो । त्यसैले अब यतिबेला गलेश्वर शिवधाम हो कि नारायणधाम ? भनेर विवाद गर्नुको कुनै अर्थ छैन । मान्छेको आस्थालाई लाठी लगाएर खेद्न मिल्दैन ।

एउटा तितो सत्य के रहेको छ भने गलेश्वरको साइनो सम्बन्ध कुनै पनि हिन्दू धर्मग्रन्थहरूसँग कहीं कतै जोडिएको भेटिदैन । यतिबेला प्रचारमा आएजस्तो “सतीदेवीको गला पतन” भएर बनेको शिवपीठ यो होइन । शिवपुराण, स्वस्थानी ब्रतकथा वा शिव सम्बन्धी कुनै पनि पुराना ग्रन्थहरूमा सतीदेवीको गलापतन भएको ठाउँमा शिवपीठ बनेको प्रसँग भेटिदैन । काली गण्डकी र गोमती नदी (म्याग्दी) को संगमलाई पुलह-पुलस्त्याश्रमको रूपमा हिन्दूधर्मग्रन्थहरूले मान्यता दिएका छन् । बाह्र सयभन्दा बढी हिन्दू तीर्थस्थलहरूमध्ये नेपालमा पाँचवटा मात्र पर्दछन् र ती पाँचमध्येको एउटा पुलह-पुलस्त्याश्रम पनि हो । काली म्याग्दीको संगमलाई पवित्र तीर्थस्थल मानिएको छ । अर्थात यो क्षेत्र हिन्दू पुराणहरूले चिनेको ठाउँ हो । यदि सतीदेवीको गलापतन यो क्षेत्रमा भएको हुँदो हो भने ती ग्रन्थहरूमा कहीं कतै स्पष्ट उल्लेख गरिने थियो ।

वि.सं १८४५ मा पर्वतराज्य गोर्खाको अधीनमा परेको हो । त्यसभन्दा अघि यस क्षेत्रमा “सोह्र हजार पर्वत” नामको चौबीसी राज्य अस्तित्वमा थियो । वम मल्लवंशद्वारा स्थापित पर्वतराज्यको राजधानी वेनी थियो । तीनसय पचासवर्षसम्म अविछिन्न रूपमा अस्तित्वमा रहेको पर्वतराज्यमा भाषा साहित्यको उन्नयनको प्रशंसायोग्य प्रयत्न भएको ऐतिहासिक प्रमाण भेटिन्छ । राजा मलेवम्बका दरावारीया पण्डितहरूले संस्कृत र पर्वते (नेपाली) भाषामा आधा दर्जनभन्दा बढी ग्रन्थहरू रचेका र अनुवाद गरेका थिए । त्यस कालखण्डमा लेखिएका मल्लवंशको वंशावली, मलेवम महात्म्य, मल्लादर्श आदि ग्रन्थहरूमा कतै पनि गलेश्वरको उल्लेख भएको छैन । चौबीसी राज्य पर्वतको जेठो शिवमन्दिर वेनी दोविल्लास्थित शिवालय नै हो । उक्त शिवालय वि.सं १७७७ तिर निर्माण भएको हो भनेर मानिन्छ । दोविल्लाको शिवालय मन्दिर स्थापना हुनुपूर्व पर्वत राज्यसिमा अन्तर्गत अन्यत्र कतै अर्को शिवमन्दिर अस्तित्वमा भएको प्रमाण फेला पर्दैन । पर्वत राज्यकाल वा त्यसभन्दा अघि गलेश्वरधाम स्थापित भएको हुन्थ्यो भने कमसेकम राज्यका तर्फबाट गुठी राखिएको हुनुपर्ने हो । त्यस्तो केही देखिदैन ।

वास्तवमा गलेश्वरको पहिचान भएको समयकाल नेपाल एकीकरणपछि मात्रै हो । अर्थात गलेश्वरको जन्म वा स्थापनाको आयु दुई/अढाई सय वर्षभन्दा पुरानो मान्ने आधार फेला पर्दैन ।

हालको वेनी नगरपालिका वडा नं. ११ पुलाडाँडाको बस्तीको पुछारमा “गले बिसौना” नामको सानो चौतारी छ । विसौना, चौतारी, पँधेरो, पोखरी, बाटो, सत्तल, पाटी, पौवा आदि निर्माण गनृ पुरानो चलन हो । त्यो बिसौनो पनि कुनै धार्मक स्वभावको ब्यक्तिले बनाएको हुनुपर्छ । खोजीको विषय के हो भने त्यो बिसौनाको नाम किन कसरी “गले विसौना” हुन गयो ? अवश्य त्यो नाम निर्मातासँग जोडिएर आएको हुनुपर्छ । गलेश्वर र गलेविसौनाको ब्युत्पत्तिमा कुनै साइनो सम्बन्ध पो थियो कि ? “गले” अल्छी भन्ने भावाब्यक्तिको लागि बोलीचालीमा प्रयुक्त हुने खसभाषाको विशेषणबोधक शब्द हो । जुवामा नार्न खोज्दा थचक्क बसिदिने बहरलाई गले नामले पुकारिन्छ । सांसारिक विधि ब्यवहारमा रूचि नभएको अर्थात घरजम, खेतीपाती र वन्दब्यवशायबाट विरक्त भएर एकान्तबास रूचाउने कुनै मानिसलाई समाजले “गले” भनेर बोलाउने गरे होला । एकान्तमा बस्ने, गाँजा भाङ आदि सेवन गर्नेलाई “गलेबाबा” भन्न थालिएको होला । कालान्तरमा तिनै गलेबाबा “देवता” मानिए होलान् । “गले इश्वर” भनिए होलान् । गलेश्वर बाबा रहनेबस्ने ठाउँले कालान्तरमा गलेश्वरधामको नाम पाएको होला । गलेश्वरधाम र गलेविसौनाको स्थापना एउटै मानिसबाट भएको हुन सक्तैन भन्न मिल्दैन । पुराण र पौराणिक कथनहरूसँग गलेश्वरको कुनै साइनो सम्बन्ध रहेको प्रमाण फेला नपर्ने हुनाले बरू गलेबाबाको अस्तित्वको खोजी गर्नु आवश्यक छ भन्नु आग्रह ठहर्छजस्तो लाग्दैन ।

गलेश्वर काली गण्डकी र राखुगाडको सङ्गममा अवस्थित छ । राखुगाडको अपभ्रंस “रहुगाड” हुदैं “राउगाड” हुन गएको छ । रहुगाडको ध्वनीसमता श्रीमदभागवतको एउटा पात्र रहुगणसँग मिल्न जाने हुनाले जडभरतको तपस्याभूमिको रूपमा पनि यसको ब्याख्या गर्न थालिएको छ । पछिल्ला गलेश्वरबाबाले नदी किनारको पहराको सानो कोप्चोलाई “जडभरतगुफा”को नाम दिएका हुन् । श्रीमदभागवतको पाँचौं स्कन्धको दशौं अध्यायमा रहुगण राजाको प्रसंग आउँछ । उनलाई “सिन्धु सौवीर”का राजा थिए भनेर स्पष्ट उल्लेख गरिएको छ । सिन्धु उपत्यका यतिबेलाको पाकिस्तानमा पर्दछ । जडभरत र रहुगण राजाको भेट भएको स्थान “इच्छुमति (सरस्वती)” नदीको किनार हो भनेर पनि लेखिएको छ । प्राचीन सरस्वती नदी भनेको हालको इरानमा बग्ने “हेलमण्ड” नदीकै पुरानो नाम हो भनेर मानिन्छ । पाकिस्तानी भूभागका एउटा सानो राज्यका रजौटा रहुगण पालकीमा बोकिएर गलेश्वर वरपर भौतिरिए होलान् भनेर पत्याउन सकिदैन ।

पछिल्लोपटक गलेश्वरधाममा राजा भरतको पाषण मूर्ति स्थापना गरियो रे भन्ने सुनिएको छ । हो, राजा भरतले पुलस्त्य-पुलहाश्रम नजिक कतै सन्यासी जीवन बिताएका हुन् भनेर पनि श्रीमदभागवतमा लेखिएको छ । साँचो कुरा के हो भने पुलस्त्यसँग नाम जोडिएका तीनवटा आश्रमहरूको जानकारी हिन्दू धर्मग्रन्थहरुमा भेटिन्छ । एउटा पुलस्त्यआश्रम कालीगण्डकीको उत्पत्तिस्थल हिमालयतिर कतै थियो भनिन्छ । अर्को एउटता कृष्णा गण्डकी र गोमती नदीको किनारमा “पुलस्त्य-पुलहाश्रम” को नामले चिनिन्छ र तेश्रो पुलस्त्य-आश्रम काशीमा रहेको कुरा “भृगुसंहिता”मा उल्लेख भएको छ । राजा भरतले बुढयौली बिताएको आश्रम तेश्रो अर्थात काशीको हुनपर्छ । किनकि राजा भरतसँग कृष्णसार (द्यीब्ऋघ्ष्घग्ऋण) को प्रसंग पनि आउँछ । कृष्णसार अर्थात कालो मृग गर्मी इलाकामा बस्ने मृगको एउटा प्रजाति हो । नेपालको “वर्दीया राष्ट्रिय निकुञ्ज”मा अझसम्म यसको अस्तित्व छ ।

तीर्थस्थल र धार्मिक धामहरूको महिमा मण्डनका लागि पौराणिक कथनहरूसँगको साइनो सम्बन्ध खोजीरहनु पर्दैन । पशुपतिनाथको कति ठूलो महिमा र मान्यता हिन्दूधर्मावलम्बीहरूबीच रहेको छ भन्ने कुरा सबैको जानकारीमा छ । पशुपतिनाथको पौराणिक कथाप्रसँगहरूसँग साइनो जोडिदैन । विक्रमको पाँचौं शताब्दीतिर लिच्छवीराजा भाष्कर वर्माले पशुपतिनाथको स्थापना गरेका हुन भनेर इतिहासले मानेको छ । अर्थात पशुपतिनाथको आयु पन्ध्रसय वर्ष वरपरको छ । पशुपतिनाथको प्रख्यातिको लागि कुनै पौराणिक आख्यानको सहारा लिनु परेको छैन । पुराणहरूसँग सम्बन्ध देखाएर जति बल गरे पनि पशुपतिनाथको उचाईमा गलेश्वर पुग्न सक्तैन । त्यसैले झुठको सहरामा होइन, वास्तविक तथ्यको आधारमा गलेश्वरको चर्चा वा प्रचारप्रसार गर्नु बुद्धिमानी हुन्छ भन्ने मेरो मनोग्राह मात्रै हो । विवेक आ-आफ्नै ।

■

> **... वम मल्लवंशद्वारा स्थापित पर्वतराज्यको राजधानी वेनी थियो । तीनसय पचासवर्षसम्म अविछिन्न रुपमा अस्तित्वमा रहेको पर्वतराज्यमा भाषा साहित्यको उन्नयनको प्रशंसायोग्य प्रयत्न भएको ऐतिहासिक प्रमाण भेटिन्छ । राजा मलेवम्बका दरावारीया पण्डितहरुले संस्कृत र पर्वते (नेपाली) भाषामा आधा दर्जनभन्दा बढी ग्रन्थहरु रचेका र अनुवाद गरेका थिए । त्यस कालखण्डमा लेखिएका मल्लवंशको वंशावली, मलेवम महात्म्य, मल्लादर्श आदि ग्रन्थहरुमा कतै पनि गलेश्वरको उल्लेख भएको छैन । चौबीसी राज्य पर्वतको जेठो शिवमन्दिर वेनी दोविल्लास्थित शिवालय नै हो । उक्त शिवालय वि.सं १७७७ तिर निर्माण भएको हो भनेर मानिन्छ ।**

'भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टयाई छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।'

भावपूर्ण श्रद्धाञ्जली

जन्म :
२०५४/०४/१०

स्व. प्रविण पौडेल

स्वर्गारोहण :
२०७२/१२/०३

हाम्रो परिवारका अत्यन्त स्नेही प्रविण पौडेलको २०७२ चैत्र ३ गते आकस्मिक अकल्पनीय घटनाबाट भएको असामयिक निधनप्रति हामी असाध्य मर्माहत एवम् स्तब्ध छौं । यस घडीमा दिवङ्गत आत्माको चिर शान्ति एवम् बैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

दुःखद् घडीमा प्रविणप्रति श्रद्धाञ्जली अर्पण गर्दै हामीप्रति समवेदना एवम् सहानुभुति प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, शुभचिन्तक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

बुबा/आमा
नारायणदत्त/ठिकाकुमारी पौडेल

हजुरबुबा/हजुरआमा
काशिराम उपाध्याय, हेमलाल उपाध्याय
कलाधर/देउकला-कृष्णकुमारी उपाध्याय

काका/काकी
पदमबहादुर/कोपिला केसी
दीर्घबहादुर/गीता केसी
केदार/शारदा पौडेल
टेकबहादुर/निर्मला केसी
दिपक/गंगा केसी
हरि/गीता केसी
झलक केसी, केशव पौडेल

दिदी/भिनाजु
अनिता/प्रेम खड्का
प्रमिला/लक्ष्मण सुवेदी

दाजु/भाउजु
अर्जुन/मिना केसी
अनोज, मिलन, पुजन, सुदिप, सुजल, अमृत,
अशोक, स्वर्णिम, अचुत्योम, अनुराग पौडेल

बहिनीहरू
पवित्रा, प्रगति, लविशा, अनुष्का

भान्जा/भान्जी
आविष्कार, प्रतिकार, प्रसिद्धि

फुपु/पुसाजु
हिरा/तुलबहादुर भण्डारी
सिता/पुश्कल सुवेदी
पार्वती कटुवाल
जुना/चुडामणि गौतम
देवी/खेमराज अधिकारी
यामकुमारी/दलबहादुर बानियाँ
विष्णु/पुश्कल खड्का
कमला/बलराम ढुङ्गाना
गंगा/रामजी सुवेदी

एवम् सम्पूर्ण पौडेल परिवार
बेनी न.पा.-८, बाँसबोट, म्याग्दी

२४ वर्षीय रामवहादुर थापा परिवारकै खम्बा

■ ठाकुरप्रसाद आचार्य

२४ वर्षीय युवा रामवहादुर थापामगरलाई पाँचवर्ष अगाडी घरखर्ची चलाउन धौंधौ पर्ने गर्दथ्यो । १३ जनाको परिवार धान्न र आफ्नो पढाइ खर्च जुटाउन उहाँलाई मुश्किल मात्र परेन खर्चकै अभावकै कारण १२ कक्षामै उनको पढाइले पूर्णविराम लाग्यो । तर अहिले उनलाई पैसाको कुनै चिन्ता छैन् । रामवहादुरले गाउँमै ब्यवसायिक तरकारी खति गर्न थालेपछि घरखर्ची जुटाउनु त के बैंकमा पैसा बचत समेत गर्न थालेका छन् ।

बेनी नगरपालिका १ आनन्दवगरका युवा रामवहादुरले ब्यवसायिकरूपमा तरकारी खेति गर्न थालेपछि अहिले परिवार धान्न कुनै चिन्ता छैन् । थापामगरले आनन्दबगरमा ६ रोपनी जग्गा भाडामा लिएर ब्यवसायिक तरकारी खेति गरेका छन् । उनले तरकारी खेतिबाट वार्षिक तिनलाख देखि चार लाख रूपियाँ सम्म आम्दानी गर्ने गरेको सुनाए । सबै खर्च कटाएर वार्षिक दुइलाख रूपियाँ बचत गर्ने गरेको थापाले बताए ।

युवा किसान थापाले अहिले माटोमै परिवारको सुखद भविष्यको कोर्दै छन् । उनलाई कतारको चर्को घाममा रगत पसिना बगाउन मन छैन, स्देशमै पसिना बगाएर रमाउन मन रहेको थापाले बताए । दुःख र सुखका साथ घरपरिवार सँगै वस्न पाइने र परिश्रम गरेमा तरकारी खेतिमा आम्दानी पनि राम्रो हुने भएकाले विदेश जाने रहर नभएको उनले बताए ।

विदेशमा गर्ने श्रम पसिना आफ्नै मुलुकमा पोख्ने अठोटका साथ थापाले छिमेकीको जग्गा वार्षिक चालिस हजार रूपियाँमा भाडामा लिएर ब्यवसायिक तरकारी खेती थालेका हुन् । ब्यवसायिक तरकारी खेतीवाट थापाले अहिले राम्रो आम्दानी गर्ने गरेको छिमेकी अमर बोगटीले बताए । तरकारी खेतिमा थापाको मेहनत र परिश्रम देखेर गाउँका सबैजना दङग पर्ने गरेको बोगटीले बताए । थापाकै सिको गरेर अहिले गाउँका अन्य युवाहरू पनि कृषि पेशमा लागेको उनले बताए ।

थापाले खेतमा अहिले काक्रो,घिरौला,भेन्टा,काउली,बन्दा र आलु लगाएका छन् । बन्दा र काउली बजारमा लैजाने भएका छन् । काउली विक्री गरेर पचासहजार आम्दानी भएको थापाले बताए । दुई वटा टनेल निर्माण गरी गोलभेडा खेती पनि गरेका छन् । बेमौसमी गोलभेडा खतिबाट राम्रो आम्दानी गर्न सक्ने कृषक थापाको अनुभव छ ।

"पहिले घर ब्यवहार चलाउन निकै असजिलो हुन्थ्यो, छोराछोरी पढाउनै पर्‍यो उनले भने, " विदेशमा गएर एक्लो पाखुराले कमाएको पैसाले सबै परिवार पाल्न त कठिन पो हुन्छ । जहान परिवार मिली तरकारी खेती गर्नाले छोरा छोरी पढाउन सजिलो छ र घर ब्यवहार पनि चलेकै छ ।" बाबु,आमा,बाजे बजै र दाइभाई दिदिवहिनी र आफ्ना छोरा छोरी गरेर १३ जना सदस्य रहेको ठूलो परिवार थापाकै पौरखमा धानीएको छ । थापालाई गाउँले परिवारकै खम्बा भएको बताउँछन् । कृषक थापाको खेतवारीको काममा श्रीमतीले पनि सघाउछिन् । १२ कक्षा पढ्दा पढ्दै विचैमा पढ्न छाडेका थापा अहिले गाउँकै अब्बल किसान हुन । कृषि पेशावाटै भविष्य कोर्ने उनले सपना बुनेका छन् । उत्पादित तरकारी नजिकैको बेनी वजारमा ल्याई विक्री हुन्छ । बेमौसमी तरकारी उत्पादन गर्न सक्ने हो भने ब्यपारीहरू घरमै खरिद गर्न आउने उनले भने ।

"वजार नपाएर उत्पादित तरकारी खेर गएको छैन, थापाले भने, "बेमौसमी तरकारी उत्पादन गर्न सके आफुले भनेकै मुल्यमा बजारमा विक्री हुन्छ ।" थापाले तरकारीका विरूवा पनि आफ्नै वारीमा उत्पादन गर्दछन् र विक्री पनि । कम समय, थोरै श्रम र लगानीमै तरकारी खेती गर्न सकिने र राम्रो आम्दानी हुने भएकाले भावी दिनहरूमा यसलाई निरन्तरता दिने उनले बताए ।

"विदेशमा पैशा फल्ने हैन रैछ, साह्रै दुःख हुने विदेश पुगेका साथीहरू बताउँछन्, थापाले भने, "विदेशमा गर्ने दुःख घर गाउँकै माटोमा गर्न सके राम्रो आम्दानी गर्न सकिन्छ । त्यसका लागि जोस र जाँगर चाहिन्छ ।" तरकारी खेतीका लागि उनले जिल्ला कृषि विकास कार्यालयवाट आर्थिक एवम् प्राविधिक सहयोग पाएको बताए ।

उनी जस्तै पछिल्लो समय म्याग्दीमा अहिले ब्यवसायिक रूपमा कृषि कर्ममा जुट्ने युवाहरू प्रशस्तै देख्न सकिन्छ । जिल्लामा कोही ब्यवसायिक तरकारी खेती, फलफुल खेतीमा लागि परेका छन त कोही वंगरपालन, गाईपालन, कुखुरापालन र ब्यसायिक वाख्रापालनमा जुटेका छन् । जिल्लामा दुइसय भन्दा वढी युवाहरू ब्यवसायीक कृषि पेशामा लागेको जिल्ला कृषि विकास कार्यालय म्याग्दीले जनाएको छ ।

पछिल्लो समय कृषि पेशामा नयाँ, जोस र जाँगर भएका युवाहरू प्रवेश गर्नु राम्रो भएको जिल्ला कृषि विकास कार्यालयका प्रमुख श्यामप्रसाद रिजाले बताए । युवाहरूलाई कृषिपेशा तर्फ आकर्षीत गर्न कार्यालयले कृषिमा युवा लक्षित कार्यक्रम ल्याउको बताए । युवा लक्षित कार्यक्रमबाट यसवर्ष ६० जना युवाहरूले चालिस हजारका दरले अनुदान पाएको उनले बताए ।

क्यालेन्डर बनाउने ठाउँ खोज्नु भएको छ ? हामीलाई सम्झनुहोस्-
शर्मा डेस्कटप
बेनीबजार, म्याग्दी
मो.नं. ९८५७६२१५६०

आठ सय भेडा पालेका युवाका छ कुरा

सँगै खाइ खेलेर हुर्कीएका साथीभाई लाहुरे हुन, जागीरे बन्न र उच्च शिक्षा हाँसील गर्न शहर झर्दा बेगखोला गाविस १ का बिमल फगामीले जंगलमा भेडापालन गर्ने निर्णय गरे । बाबुबाजेले पुर्ख्यौली पेशाको रूपमा गर्दै आएको भेडापालनलाई ब्यवसायिक बनाएका ३० वर्षिय बिमल एघार वर्षको अवधिमा करोडपति बनेका छन् । भेडापालेर दुःख र सफलता दुवै पाएका बिमललाई गत हप्ता जिल्ला पशु सेवा कार्यालयमा भेट्दा उनको अनुहारमा उत्साहसंगै, पीडा पनि झल्कन्थ्यो । गोठालाबाट उद्यमीमा रूपान्तरण भएका बिमलको अनुभव यस्तो छ ।

गोठाला होइन उद्यमी

बेगखोला गाविस १ मा ३० वर्षअघि जन्मिएका बिमलको गोठमा अहिले आठ सय भेडा छन् । उनले १८ वर्षको हुँदादेखि भेडाको अघिपछि गर्न सुरू गरेका हुन् । संगै पढेका साथीसङगी लाहुरे र जागीरे बन्न सहर पस्दा जंगल छिरेका बिमललाई त्यतीबेला धेरैले मती बिग्रेको भनेर गाली गरे । तर अहिले उनको परिचय फेरीएको छ । उनि अहिले गोठालाबाट उद्यमीमा परिणत भएका छन् । आठ सय भेडाको मूल्य हिसाव गर्दा एक करोड २० लाख रूपियाँ हुन्छ । त्यो उनको ब्यवसायको पुँजी हो । सुरूमा उनिसंग ५० वटा भेडा थिए । गोठमा नयाँ जन्मिने पाठापाठी र आम्दानीले उनले ब्यवसाय विस्तार गरेका हुन् । उनले भेडा पालेर आफू मात्र होइन अरू आठ जनालाई पनि रोजगारी दिएका छन् । भेडा हेर्न उनिले कर्मचारीसंगै कुकुर पनि पालेका छन् । अब उनि जिल्ला पशु सेवा र घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा फार्म दर्ता गर्ने तयारीमा छन् ।

पढाइको कमीले भेडा पालें

बेगको महादेव माविमा नौ कक्षासम्म पढेका फगामी भेडा पाल्न पढाई नचाहिने बताउँछन् । पढाईको कमीले गर्दा भेडा पालनमा लागेको बताउने फगामी धेरै पढेको भए अहिले यो अवस्थामा हुने थिएनन् । भेडा पाल्नलाई पढाई भन्दा दुःख र मेहनत धेरै आवश्यक रहेको फगामीको अनुभव छ । भेडापालन गर्नुको अर्को कारण यसमा उनले देखेको सम्भावना पनि हो । बाबुबाजेले गर्दै आएको पेशा र भुगोल तथा हावापानी अनुकुल भएकाले भेडापालन गरेको फगामीले बताए । एकैपटक धेरै लगानी गर्नु नपर्ने र आम्दानीको हिसावले राम्रो सम्भावना भएको पेशा हो भेडापालन ।

लेकबेंशी गर्दाका दुःख

अहिले बेगको लेकमा उनको भेडागोठ छन् । चैत सकिएलगत्तै धौलागिरी हिमालको फेदीमा पर्ने मुस्ताङको बुकीमा गोठ सर्छ । चिसो हुँदा बेग गाउँमा गोठ ल्याउँछन् । हिउँदमा बेशी र बर्खामा लेकमा गोठ सार्ने चलन छ । भेडाको बथानसंगै अघिपछि गर्नु र तिनीहरूकै स्याहार सुसारमा दिनरात बिताउन कम्ती सजिलो छैन् । तर पनि खाडी मुलुकमा अरू नेपालीले भोगेको पीडा सुनेका बिमल आफ्नै दुःखमा सन्तोष मान्छन् । जंगलमा हिड्दा काँडाले कोतर्ने । चप्पलबिनै हिड्नुपर्ने । भिर, पहरा गर्नुपर्ने । जंगली जनावरको उत्तिकै डर । भनेको बेला खान नपाउने । भेडा हराएमा र समूह छुटेमा खोज्दा हुने हैरानी । न गतिलो सुत्ने ठाउँ हुन्छ । भकारी र पालले छाएको गोठमुनी घुम ओढेर कुकरूक्क परेर चिसोमा रात कटाउनु भेडागोठको अर्को दुःख हो ।

मन बुझाउने ठाउँ पनि छ

भेडा पालेर बिमलले दुःख मात्र भोगेका छैनन् । गाउँमै बसीबसी लाखौं आम्दानी पनि गरिरहेका छन् । उनको गोठमा आठ सय भेडा कम्तीमा पनि हुन्छन् । उनले बरूवाल जातका भेडा पालेका छन् । बर्षमा चार सय नयाँ पाठापाठी जन्मछन् । भिरबाट लडेर, रोगले मर्ने, जंगली जनावरको आक्रमणमा पर्ने बाहेक वर्षमा दुई सय भेडा बिक्री हुन्छ । एउटा भेडाको सरदर मूल्य १५ हजार रूपियाँ छ ।

उनि बर्षमा बिस लाख बराबरको भेडा बिक्री गर्छन् । बर्षमा दुई सय भेडा बिक्री नगरे थाम्न गाह्रे पर्छ । भुमीपुजा, बडादसै जस्ता चाडवाड र मेला पर्वमा भेडाको बली चढाउने चलन हुन्छ ।

थुमा र साँड पुजा गर्नलाई बिक्री हुन्छ । खसी पारेका भेडा पनि मासुका लागि बिक्री हुन्छ । चिसो हावापानीमा जडिवुटीयुक्त चरनमा चरेका भेडाको मासु स्वादीलो हुने भएकाले बिक्री नहुने समस्या छैन् । ब्यापारी भेडा किन्न गोठ भएकै ठाउँमा पुग्छन् । खनखन्ती पैसा गनेर हातमै हालीदिन्छन् । यसैमा उनलाई सन्तोष छ । पैसाका लागि कसैलाई ज्यू हजुर गर्नु परेको छैन् ।

समस्या चरनको

फगामी मात्र होईन् भेडापालन गरेका म्याग्दीका कृषकहरूको लागि चरनको अभाव साझा समस्या बनेको छ । लेकाली क्षेत्रका चरनमा घाँस कम उम्रने र बेशीमा जंगलमा सामुदायीक वनले चरिचरन बन्द गरेपछि भेडापालक कृषकहरू आफ्नो ब्यवसायबाटै पलायन हुनेपर्ने अवस्थामा रहेको फगामी गुनासो गर्छन् । घाँस नपलाउने र कम उम्रने एउटा समस्या हो भने घाँस भएको जंगलमा पनि चरिचरन गर्न नपाउदाँ उनिहरूलाई दुख लागेको छ । वन संरक्षण गर्नु आवश्यक भए पनि त्यसको ब्यवस्थापन र उपयोग पनि हुनुपर्ने फगामी तर्क गर्छन् । बिस वर्षदेखि जंगलमा चरिचरन र दाउरा घाँस गर्न बन्देज लगाउने सम्मको अन्यायपूर्ण काम भएकोमा उनिहरूको दुखेसो छ । ससाना रूख बिरूवा हुर्कीसकेपछि चरीचरन र उपभोगमा खुल्ला गर्ने ब्यवस्था गरिदिन फगामीले सरकारसंग माग गर्छन् ।

सरकारको पुच्छर निमोठ्दै

पहिले कृषकहरूलाई पशु सेवा कार्यालय र त्यसले प्रवाह गर्ने सेवा सुबिधाको बारेमा जानकारी थिएन् । भेडाबाख्रामा रोगको महामारी देखिए जंगली जडिवुटीको प्रयोग गरेर उपचार गरिन्थ्यो । अहिले पशु सेवा कार्यालयनै कृषक खोज्दै गोठमा मात्र पुगेको छैन् विभिन्न भेगमा छरीएका कृषकहरूलाई संगठीत पनि गराएको छ । बिमल लगायत कालीगण्डकी भेगका कृषकहरू अहिले कालीगण्डकी भेडापालक कृषक समूहमा आवद्ध छन् । उनिहरूलाई कार्यालयले औषधी र विभिन्न औजारहरू सहयोग गरेको छ । सरकारले पनि कृषकलाई प्राथमिकता दिएको जानकारी पाएपछि आफूहरू पशु सेवा कार्यालयसंग नजिकीएको र सेवा सुबिधाका लागि कार्यालयसंग समन्वय गरिरहेको फगामी बताउँछन् । 'हाम्रो काम पशु सेवा कार्यालयमा आएर सेवा सुबिधा खोज्ने हो' फगामीले ठट्यौली शैलीमा भने 'हामी पुच्छ्र निमोठ्छौ, कार्यालय कति दौडीन सक्छ । त्यसैमा भर पर्छ यहाँका कृषकहरूको भविष्य ।'

(कुराकानीमा आधारित)

प्रस्तुतिः सन्तोष गौतम

खै ग्यास ?

बजारमा ग्यासको वितरण सहज हुनसकेको छैन् । बजारमा रहेका केही ठूला विक्रेताहरूले ग्यास लुकाइरहेका कारण उपभोक्ताहरूले सहज रूपमा पाउन सकेका छैनन् यदी पाइहाले पनि बढि मूल्य तिर्नुपरेको गैरसरकारी संस्था महासंघका जिल्ला अध्यक्ष समेत रहेका हरिप्रसाद पौंडेलले बताए । उनले बजारमा विक्रेताहरूले ग्यास तिन /चार थरी मूल्यमा विक्री गरेको बताए । तोकीएको मूल्यमा उपभोक्ताहरूले ग्यास पाउन सकेका छैनन् यसमा प्रशासनको आँखा पुग्नुपर्दछ उनले भने । ग्यासको वितरण सहज नहँदा महिला,विद्यार्थी र पहँच नभएका सर्वसाधारण उपभोक्ताहरू वढी समस्यामा परेका छन् ।

विहिबार बेनीमा शक्ति कम्पनीका एकहजार ७७ शिलिण्डर खाना पकाउने ग्यास भित्रियो । बेनीमा रहेका साना ठूला गरि ४८ विक्रेताकहाँ ग्यास झर्‍यो । ग्यास आउने खबर पाएका उपभोक्ताहरू विक्रेताकहाँ विहानै देखि लाइनमा वसेका थिए । लाइनमा वसेका उपभोक्ताहरूलाई ग्यास नदिइ विक्रेताहरूले गोदाममा थन्काएको जिल्ला सहकारी संघका अध्यक्ष दिपक कार्कीले बताए । बजारका केही विक्रेताहरूले लाइनमा वसेका उपभोक्ताहरूलाई रित्तो हात फर्काइदिएको कार्कीले बताए । प्रशासन मुकदर्शक बन्यो, कार्कीले भने 'ग्यासमा दिनदाहडै कालोबजारी हुँदा पनि सरोकारवाला निकायको आँखा किन पुगेन ।' दिउसो उपभोक्तालाई खालि शिलिण्डर फर्काएका विक्रेताले रातको समयमा प्रतिशिलिण्डर दुइहजार रूपियाँ सम्म विक्री गर्ने गरेको एक उपभोक्ताले नाम नछाप्ने सर्तमा बताए । बजारका दुइचार ठूला विक्रेताले ग्यासमा कालोबजारी गर्दा पनि प्रशासन टुलुटुलु हेरि वसेको उनले बताए ।

त्यस्तै विहिवार पर्वत बेनीमा आएको चारसय शिलिण्डर ग्यास विक्रीमा पनि अनियमितता भएको उपभोक्ताहरूको भनाइ छ । पर्वत बेनीका ग्यास विक्रेताहरूले लाइनमा वसेका उपभोक्ताहरूलाई खालि हात फर्काइदिएको पर्वत बेनीका बजार व्यवस्थापन समितिका अध्यक्ष राम केसीले बताए । कुश्मा प्रशासनको आँखा यहाँ नपर्ने भएकाले पनि यहाँ धेरै जसो विक्रेताले मँहगोमा विक्री गर्ने गरेको उनले बताए । रातको समयमा बढि मूल्यमा विक्रेताले ग्यास विक्री गर्ने गरेको भएपनि कसैले नियन्त्रण गर्न नसकेको प्रति उनले दुःख पोखे ।

उपभोक्ताहरूको तिव्र गुनासो आएपछि जिल्लामा भित्रिएको ग्यासलाई सहजरूपमा विक्री वितरण गर्नका लागि शुक्रबार म्याग्दी उद्योग वाणिज्य संघमा छलफल भएको म्याग्दी उद्योग वाणिज्य संघका महासचिव राजेश शाक्यले बताए । एकादुइ व्यवसायिले गलत मनसाय राख्दा समग्र व्यवसायिलाई नै असर पुगेको महासचिव शाक्यले बताए । तोकिएकै मूल्यमा ग्यास विक्री गर्न सवै विक्रेताहरूलाई उवासंघले आग्रह गरेको बताए । कालोबजारी गर्ने व्यवसायिलाई प्रशासनले पनि कारवाही गर्नुपर्ने उनले बताए ।

बजारमा जसले पनि ग्यासको कारोवार गर्ने भएकाले पनि समस्या आएको महासचिव शाक्यले बताए । ग्यास विक्री गर्नका लागि तोकिएको कानुनी मापदण्ड पुरा गर्नुपर्ने भएपनि व्यवहारमा कार्यान्वयन हुनसकेको छैन् । बेनीमा फेन्सी पसले देखि ससेज हाउस र मेडिकल पसले सम्मले ग्यासको कारोवार गर्दछन् । ग्यास कम्पनीले बजारमा जसलाई पायो उसैलाई कुनै मापदण्ड पुरा नगरी विक्रेता थप्दै जानाले पनि ग्यास वितरणमा अनियमितता हुने गरेको महासचिव शाक्यको भनाई छ ।

यता प्रशासनले भने कालोबजारी गरेको प्रमाण भेटिएमा कारवाही गर्ने बताएको छ । उपभोक्तालाई खालि हात फर्काएर कसैले पनि ग्यास गोदाममा लगेर राख्न पाइदैन प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले भने । व्यवसायिहरूले सहज रूपमा ग्यास वितरण गर्ने प्रतिवद्धता जनाएकाले प्रशासनले कुनै हस्तक्षेप नगरेको उनको भनाई छ ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

बुद्धि वल्डिङ हाउस एण्ड टायर मर्मत केन्द्र
कालीपुल बेनी म्याग्दी
प्रो. बुद्धि परियार
हाम्रा सेवाहरु:
मो.नं ९८०६१७६३४३
यहाँ सम्पूर्ण गाडीको टायर मर्मत, वफिन, मेसीनद्वारा पुरानो भएका भाडा वर्तनहरु उज्यालो बनाउनुका साथै वल्डिङ मेसिनबाट सम्पूर्ण गाडीको वल्डिङ पनि गरिन्छ ।

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

होस्टेल...

म्याग्दीमा यो ब्यवस्था न्युन मात्रामा कार्यान्वयन भएको छ ।'

निजी विद्यालय र सामुदायिक विद्यालयमा रहेका स्रोत कक्षाका छात्राबासले मात्रै शिक्षा कार्यालयबाट अनुमती पाएका छन् । छात्रावास सञ्चालन गर्न शिक्षा कार्यालयमा दुई लाख रूपैयाँ घरौटी राख्नुपर्ने ब्यवस्था छ । बेनीमा ट्युसन कोचीङ पढाउन, विद्यार्थीसँगै अन्य पाहुना राख्न सञ्चालित छात्रावास मात्र नभई अन्य सामुदायिक विद्यालयले दश कक्षाका विद्यार्थीको एसएलसी परिक्षालाई केन्द्रित गरेर चलाएका छात्राबासहरू पनि कानुन विपरीत देखिएका छन् ।

ट्युसन, कोचीङ (अतिरित्त) कक्षा सञ्चालन गर्न पनि शिक्षा कार्यालयबाट अनुमती लिनुपर्ने नीतिगत ब्यवस्था छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरिक्षक विश्वप्रकाश रेग्मी सामुदायिक विद्यालयले शूल्क लिएर विद्यालयमा ट्युसन, कोचीङ पढाउनै नमिल्ने बताउँछन् । 'विद्यालयमा अतिरित्त कक्षा मात्रै सञ्चालन गर्ने हो । ट्युसन पढाउन पाउने नियम छैन्' रेग्मीले भने । ट्युसन कोचीङ सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालयमा पचास हजार रूपैयाँ धरौटी जम्मा गर्नुपर्छ । म्याग्दीमा अहिलेसम्म कसैले पनि ट्युसन, कोचीङ पढाउनका लागि धरौटी जम्मा गरेर अनुमती नलिएको विद्यालय निरिक्षक रेग्मीले बताए । तर सदरमुकाममा रहेका ट्युसन पढाउने होस्टेल, सामुदायिक, निजी विद्यालय मात्र नभएर गाउँका धेरै विद्यालयमा अंग्रेजी, गणीत र विज्ञान विषयको ट्युसन पढाई हुन्छ ।

कक्षा कोठामा पढाउन ध्यान नदिने शिक्षकहरूका लागि ट्युसन कोचीङ कमाईखाने माध्यम बनेको छ । कक्षामा कोर्स नसिकाउने र पछि ट्युसन कोचीङ पढाउन बल गर्ने केही शिक्षकहरूको नियत पनि देखिन्छ । केही विद्यालयले भने कोर्स सिध्याएर विद्यार्थीको सिकाई उपलब्धी बढाउन र धेरै उत्तिर्ण गराउने उद्देश्यले अभिभावकको सहमतीमा ट्युसन कोचीङ सञ्चालन गरेका छन् । ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयले एसएलसी दिने विद्यार्थीलाई केन्द्रित गरेर चलाएको होस्टेल र अतिरिक्त कक्षा बढी अंक ल्याउन र धेरै विद्यार्थी उत्तिर्ण गराउन प्रभावकारी पनि देखिएका छन् ।

नीति नियम भएर पनि कार्यान्वयन नहुनु र अर्कोतर्फ होस्टेल, ट्युसन र कोचीङको नाममा महँगो शूल्क उठाउने कार्य नरोकिनुमा राज्यका निकायको निरीहता देखिने म्याग्दीमा क्रियाशिल विद्यार्थी संगठनका नेताहरू बताउँछन् । भएको ऐन, नियम कार्यान्वयन गर्ने जिम्मेवारी पाएका शिक्षा कार्यालय, प्रशासन निदाएजस्तो भुमिकामा रहनुले शिक्षा क्षेत्रमा बेथिति मौलाएको उनिहरूको आरोप छ । अर्कोतर्फ कुनै समस्या नआउँदासम्म चुप बस्ने र समस्या आएको अवस्थामा मात्र ऐन नियम खोज्ने विद्यार्थी र अभिभावकहरूको ब्यवहार पनि राज्यको नीति नियम कार्यान्वयन नहुनुको अर्को कारण हो ।

यद्यपी पछिल्लो समय कानुनी प्रक्रिया पुरा नगरी सञ्चालन भैरहेका छात्रावास, ट्युसन, कोचीङ कक्षाहरूलाई नियमन गरेर निश्चित मापदण्ड लागू गर्नपर्ने दवाव बढेको छ । म्याग्दीमा क्रियाशिल नेपाल विद्यार्थी संघ, अनेरास्ववीयु र अनेरास्ववीयु क्रान्तिकारीले चैत ३ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएरै होस्टेललाई नियमन गर्न माग गरेका छन् । अबैध तरिकाले सञ्चालन भैरहेका होस्टेलहरूका कारण शैक्षिक क्षेत्रमा विकृती मौलाएको उनिहरूले संयुक्त रूपमा प्रमुख जिल्ला अधिकारी केशव आचार्यलाई ज्ञापनपत्र बुझाउदै नियमन गर्न माग गरेका हुन् ।

नेविसंघका सभापति भरत रकाल, अनेरास्ववीयुका केन्द्रिय सदस्य तथा जिल्ला अध्यक्ष प्रकाश पौडेल र अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष सुदिन पौडेलले प्रजिअ आचार्यलाई ज्ञापनपत्र बुझाएका थिए । जिल्ला शिक्षा कार्यालयमा दर्ता नगरी र अनुमती नलिईकन होस्टेल सञ्चालन भएको, आधारभुत सेवा, सुबिधा नभएको, कमजोर ब्यवस्थापनका साथै चर्को शूल्क लिने गरिएकाले नियमनका लागि माग गरेको अनेरास्ववीयुका अध्यक्ष प्रकाश पौडेलले बताए ।

विद्यार्थीहरूको ज्ञापनपत्र बुझेपछि प्रजिअ आचार्यले यस विषयमा आफु गम्भिर भएको प्रतिक्रिया दिए । प्रजिअ आचार्यले छात्रावास सञ्चालकहरूलाई बोलाएर कानुनी प्रक्रियामा आउन निर्देशन दिएको पनि प्रशासन स्रोतले जनाएको छ । होस्टेलमा बस्ने एक जना विद्यार्थीले मासिक आठ हजार रूपैयाँ सम्म शूल्क तिर्ने गरेका छन् । खान, बस्नको अतिरिक्त ट्युसन पढेवापत प्रतिविषय एक हजार पाँच सय शुल्क लाग्छ । यो शूल्क सामान्य आर्थिक हैसियत भएका अभिभावकका लागि महँगो हो ।

कतिपय होस्टेलभित्र मदिरा, लागुऔषध सेवन र कुटपिटका घटनाहरू पनि हुने भएकाले सुरक्षामा चुनौती पनि उत्तिकै छ । छात्रावासमा प्रयोग हुने खाद्यान्न, तरकारी र खाजाको गुणस्तरको कसैले वास्ता गरेका छैनन् । उडुस, उपीयाले टोक्ने, लामखुट्टेले सताउने, अध्याँरो कोठामा बस्नुपर्ने बाध्यता रहेको विद्यार्थीहरू बताउँछन् । कोठाभाडामा बस्दा ग्याँस नपाउने र छोटो समय भाडाको कोठा खोज्दा झञ्जट हुने भएकाले महँगो भएपनि होस्टेलमा बस्नुपरेको एशियन होस्टेलमा बस्ने बरंजाका एक विद्यार्थीले बताए ।

कानुनी प्रक्रिया पुरा नगरी छात्रावास सञ्चालन गर्नेमा सामाजिक, शैक्षिक, राजनीतिक लगायत क्षेत्रका प्रतिष्ठित अनुहारहरू छन् । बेनीमा चार वटा होस्टेल छन् । शिक्षामार्गमा रहेको एशिसयन होस्टेल घरजग्गा ब्यापारी तसमान छन्त्याल, शुशिल मल्ल, राजनीतिक कार्यकर्ता ओम छन्त्याल, निजी विद्यालयका शिक्षक हरि छन्त्याल, सामुदायीक विद्यालयका शिक्षक रमेश बोगटी र गणेश छन्त्याल मिलेर चलाएका छन् । कर्मचारी सुमन जुक्जालीका अनुसार विद्यार्थीलाई खान, बस्न, ट्युसन कोचीङका अतिरिक्त अंग्रेजी र कोरीयन भाषाको पढाई हुने उक्त होस्टेलमा अहिले चार सयले ट्युसन पढ्छन् । त्यही बस्ने विद्यार्थी संख्या ११० जना छ ।

गणेशटोलमा रहेको बरनाथ होस्टेलमा ब्यापारी समेत रहेका जिल्ला अस्पतालका कर्मचारी रघुनाथ शर्मा, म्याग्दी बहुमुखी क्याम्पसका प्रध्यापक भोलानाथ घिमीरे लगायतको लगानी छ । उक्त होस्टेलमा म्याग्दी बहुमुखी क्याम्पसको दश जोड दुई र स्नातक तह पढ्ने धेरै विद्यार्थी ट्युसन पढ्छन् । एसएलसी ट्युसन र कोरीयन भाषाको पनि पढाई हुने बरनाथमा ट्युसन पढाउने पनि धेरै म्याग्दी क्याम्पसकै प्रध्यापकहरू छन् ।

२०७० को एसएलसी नतिजाको आधारमा नेपालमै नमुना बनेको बेनी सामुदायिक उच्च माविबाट यस वर्षको एसएलसी परिक्षामा सहभागीता जनाउने विद्यार्थीहरू पनि अबैध होस्टेलमै बसेका छन् । छात्रावास नभएको बेनी सामुदायिकको दश कक्षामा पढ्ने विद्यार्थी उक्त विद्यालयका प्राचार्य दिपक श्रेष्ठको संगमचोक स्थित एक होस्टेलमा बस्छन् । यसअघि जिल्ला शिक्षा कार्यालय रहेको पुरानो घरमा सञ्चालीत ग्लोबल होस्टेल प्राचार्य श्रेष्ठको घरमा सरेको बताइएपनि बोर्ड राखिएको छैन् । त्यहाँ बेनी सामुदायीकका शिक्षकहरूले ट्युसन पढाउँछन् । देशकै नमुना विद्यालयका शिक्षकहरूले नै अबैध होस्टेल खोलेर शिक्षाको ब्यापार गरेको शिक्षा विदहरू बताउँछन् ।

बेनी बजारमै रहेको जिल्लाकै पुरानो प्रकाश उच्च माविको पनि अहिलेसम्म छात्रावास छैन् । उक्त विद्यालयको कक्षा दशका विद्यार्थीहरू पनि हिजोआज नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा सभापति समेत रहेका लेखबहादुर हमालले भुपु सैनीक सहकारीको भवनमा सञ्चालन गरेको मदरल्याड होस्टेलमा बस्छन् । हमाल प्रकाश उच्च माविका शिक्षक पनि हुन् । प्रकाश उच्च माविका अतिरिक्त माउन्ट एभरेष्टको उच्च मावि तहका विद्यार्थीहरूले ट्युसन पढ्ने ठाउँ पनि मदरल्याण्डनै हो । मदरल्याण्ड होस्टेलमा माउन्ट र प्रकाश उच्च माविका शिक्षकहरूले ट्युसन पढाउँछन् ।

विद्यार्थीहरूलाई लक्षित गरेर सञ्चालन भएका छात्रावासहरूले एक किसिमको कानुनी हैसियत पनि पाएका छन् । शिक्षा र विद्यार्थीसंग धेरै सम्बन्धित छात्रावासहरू घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय र आन्तरीक राजस्व कार्यालयमा होटलको रूपमा दर्ता भएका छन् । उनिहरूले शिक्षा सम्बन्धि काम गरेपनि कानुनी हैसीयत होटलको छ । तर छात्रावास सञ्चालकहरू स्पष्ट नीतिगत ब्यवस्था नभएको र शिक्षा कार्यालयमा दर्ता हुन खाजेपनि बेवास्ता गरेको गुनासो गर्छन् । बरनाथ होस्टेलका सञ्चालक रघुनाथ शर्माले शिक्षा कार्यालयबाट छात्रावास, ट्युसन सञ्चालनका लागि अनुमती लिन दुई वर्षअघिदेखि पहल गरेपनि सफल हुन नसकेको र झञ्जट मात्रै पाएको दुखेसो पोखे । शर्मा सरकारी कर्मचारी पनि भएकाले कुनै ब्यवसाय गर्दा अनुमति लिनुपर्ने हुन्छ । एशियन होस्टेलका कर्मचारी सुमन जुक्जालीले अघिल्लो वर्ष ट्युसन पढाउन अनुमति लिएको र आगामी वर्षका लागि निवेदन दिएको दावी गरे ।

ब्यवसायिक रूपमा खोलिएका छात्रावासहरूलाई नियमन गरर ब्यवस्थित बनाउन तथा सामुदायिक विद्यालयका विद्यार्थीलाई विद्यालय बाहिरको छात्रावासमा बस्नुपर्ने बाध्यताको अन्त्यका लागि सोही किसिमको आवश्यक पूर्वाधार तयार गर्न जरूरी देखिएको छ । छात्रावास विद्यार्थीको सुबिधा र शैक्षिक गुणस्तर वृद्धीका लागि प्रभावकारी देखिएको अवस्थामा यसलाई ब्यवस्थित र कानुन सम्वत बनाउन सम्बद्ध सबै पक्षले ध्यान दिनुपर्ने आवश्यक छ ।

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२

चिमखोला चिनाउने थाली नाच

■ नवविकल्प

म्याग्दीको चिमखोलाका महिलाहरू थाली नाचको माध्यमबाट आफ्नो गाउँलाई चिनाउन जुटेका छन् ।

चिमखोलामा उत्पत्ती भएको थालीनाचको संरक्षण र प्रर्वद्धनमा चिमखोलाका वृद्धा, महिला र युवतीहरू सक्रिय भएका हुन् । पृथक पहिचान बोकेको थालीनाच अहिले चिमखोलामा मात्रै नभएर जिल्ला, देशका विभिन्न सहर र बिदेशमा समेत लोकप्रिय बनेको छ । वि.स २०२८ सालमा चिमखोलाकी हिरामाया पुनले पहिलो पटक थाली नृत्य प्रस्तुत गरेकी थिइन ।

वि.स २०४४ सालमा काठमाडौमा भएको सार्क सम्मेलनमा पुनले थालीनाच प्रस्तुत गरेपछि यसको राष्ट्रिय र अन्तराष्ट्रियकरण भएको चिमखोला गाविसकी सामाजिक परिचालक थवीना तिलीजाले बताइन । पछिल्लो समय चिमखोलाबासी पुगेको ठाउँमा थालीनाच पुगेको र नयाँ पुस्ताले पनि संरक्षणमा चासो दिएका तिलीजाले बताइन ।

हातमा थाल राखेर हत्केलाले घुमाई-घुमाई नचाएको र नाचेको दृष्य निकै रोचक हुन्छ । सावधानीपुर्वक गरिने थानीनाच मौलीक, आकर्षक र संयमित हुनाले लोकप्रिय बनेको हो । पछिल्लो समय थाली नाच सम्बन्धि गीत पनि रेकर्ड भएकाले यसको लोकप्रियता झन बढेको चिमखोलाका कलाकार बिष्णु पुनले बताइन् ।

थाली नाचमा मौलीकता र आफ्नोपन झल्कने कलाकारहरू बताउँछन् । दुवै हातमा थाल राखेर सावधानीपूर्ण तरिकाले नाचिने हुदाँ थाली नाच रोचक हुने गर्छ । यस्तो नृत्य जो कोहीलाई प्रस्तुत गर्न गाह्रो हुन्छ । धेरै प्रयास गर्नुपर्छ । हातखुट्टा र शरिरको चाल मिल्नुपर्छ । थाल भुईमा खस्यो भने अशोभनीय मान्ने गरिन्छ ।

चिमखोलाकी सञ्जु गर्बुजाले थाली नृत्य सिक्नका लागि अघिल्लो पुस्ताका आमाहरूबाट प्रशिक्षण लिएको बताइन । विभिन्न मेला, महोत्सव र कार्यक्रमहरूमा थाली नृत्य देखाउने गरिन्छ । पहिले निकै कठिन भएपनि नाच्दा, नाच्दै अहिले सजिलो भएको कलाकारहरूले बताएका छन् । पहिले चरेसको थाल नचाउने चलन थियो । अहिले स्टलको थाल नचाउने गरिन्छ ।

आकर्षक र रोचक हुने भएकाले थाली नाच आजभोली म्याग्दी जिल्लामा मात्रै नभएर प्रवासका म्याग्देलीले आयोजना गर्ने कार्यक्रममा पनि देखाउने गरिन्छ । थाली नाच सम्बन्धि गीत रेकर्ड भएपछि यसले अझ ब्यापकता पाएको म्याग्दीकी अग्रज कलाकार धनकुमारी थापाको भनाई छ । पहिले पञ्चे बाजामा पनि थाली नृत्य गरेको अनुभव थापासंग छ । महिला कलाकारले गून्यु, चोलो, पटुकीको पहिरनमा सजिएर थाली नृत्य गर्ने चलन छ ।

गलेश्वर शिवालय क्षेत्र विकास कोषको संस्कृत विद्यालय सञ्चालन सम्बन्धि सूचना

आफ्ना विद्यार्थीहरुलाई गुरुकुलीय संस्कृत शिक्षा पढाऔं,
बैदिक सनातन धर्म संस्कार र सस्कृतिको जगेर्ना गरौं ।

गलेश्वर शिवालय क्षेत्र विकास कोषको २०७२ चैत्र २१ गतेदेखि संस्कृत विद्यालय संचालन गर्न संस्कृत विषयमा आचार्य गरेका शिक्षक नियुक्त गरी विद्यार्थी भर्ना सुरू गरिएको छ। यस वर्ष गलेश्वरमा सञ्चालित जडभरत प्राविलाई जडभरत संस्कृत नि.मा.वि. मा स्तर उन्नति गरी संस्कृत तर्फका विद्यार्थीहरूलाई गणित, विज्ञान, अंग्रेजी लगाएतका विषय पनि अध्ययन गराइने साथै निःशुल्क भोजन आवास सहित गुरूकुलीय पठन पाठन पनि हुने छ।

साथै संस्कृत विषयका विद्यार्थी लगायत जडभरत नि.मा.वि. कक्षा शिशुदेखि ६ कक्षासम्मका सबै विद्यार्थीहरूलाई Susses n House Shool london UK सहयोगमा मासिक रू २००।-दुई सय छात्रवृति प्रदान गरिने छ। संस्कृत विषय पढ्ने पढाउने इच्छुक माहानुभावहरूले २०७२ चैत्र तेस्रो साताभित्र विद्यार्थीहरू भर्ना गरिसक्नु पर्ने छ। यस बर्ष संस्कृत तर्फ सिमित विद्यार्थी मात्र भर्ना गरिने भएकाले पहिले आउनेलाई प्राथमिकता दिईने छ। अर्को बर्षदेखि ज्योतिष विद्या समेत अध्ययन गराईने हँदा समयमा भर्ना भई निशुल्क शिक्षा हासिल गर्नुका साथै माशिक रू २००।- छात्रवृति लिन गलेश्वर शिवालय क्षेत्र विकास कोष र जडभरत प्राथमिक विद्यालयमा सर्म्पक राख्नुहोला वा निम्न फोन नम्बरहरूमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

गलेश्वर शिवालय क्षेत्र विकास कोष
गलेश्वरधाम म्याग्दी
सम्पर्क :- ०६९४११०९०/९८५१०९१९९६/ ९८६७६०९८५४/९८५७६४०६४१

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

xfdf ;]fx?M
- ✓ २४ सै घण्टा आकस्मिक सेवा । ✓ क्याभिनको व्यवस्था ।
- ✓ इजाजत प्राप्त दक्ष स्वास्थ्यकर्मीद्धारा अत्यन्तै गोपनियताका साथ सुरक्षीत गर्भपतन सेवा ।
- ✓ दैनिक ओ.पि.डि सेवा (विहान ८ बजे देखि साँझ ७ वजे सम्म)
- ✓ २४ सै घण्टा भिडियो एक्सरे,ल्याव,एक्सरे,ई.सि.जि.,माईनर अपरेशन तथा विरामी भर्ना सेवा ।
- ✓ दैनिक निशुल्क गर्भवती परीक्षण गरिने व्यवस्था ।
- ✓ सिकिस्त विरामीहरुको लागि बेनी बजार क्षेत्र भित्र घर मै गई स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गरिने ।
- ✓ ७० वर्ष उमेर पुगेका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ अपाङ तथा निम्न आर्थिक स्तरका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ विद्यार्थीहरुका लागि सहुलियतकार्डको व्यवस्था गराई विशेष छुटको व्यवस्था ।

बेनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
न्यूरोड, बेनीबजार, म्याग्दी
(सम्पर्कः ०६९-५२०९८३, ९८५७६४००८६)

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६ प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनलर सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८) प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ स'विधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286, 9867613547